CITIZEN ACTION PARTY -SIKKIM

सिटिजन एक्सन पार्टी -सिक्किम

*(For Reforms in Sikkim)*

Ref. No. 048/CAP/GTK/SK/23 Date: 28/03/2023

**प्रेस विज्ञप्ति**

सिटिजन एक्सन पार्टी सिक्किमले आफ्नो प्रथम केन्द्रिय कार्यकारिणी परिषदको बैठक 26 र 27 मार्च 2023 दुइदिने अधिवेशनको रूपमा सम्पन्न गरेको छ। पार्टी प्रमुख संयोजक श्री गणेश राईले दुवै दिनको कार्यक्रमलाई अध्यक्षता गरेका थिए। कार्यक्रममा 125 जना केन्द्रिय सदस्य लगायत विशेष प्रतिनिधीको रूपमा एसीइसीका अध्यक्ष ज्यूहरूको पनि सहभागिता रहेको थियो। यस दुइदिने बैठकमा वर्तमान राज्यको स्थिति, राज्य सरकारको क्रियाकलाप सिक्किम र सिक्किमेमाथि आइरहेको खतरा सम्बन्धमा विशेष छलफल भयो। यसका साथै पार्टीको भावी रणनीति, पार्टी पदाधिकारीहरूको पदीय दायित्व र जिम्मेवारीलाई लिएर गहन चिन्तन र छलफल भयो। विशेष गरेर पार्टी अनुसासनबारे पार्टीले कड़ा निर्देशन जारी गरेको छ। पार्टी संविधानको आधारमा सबै नेता तथा कार्यकर्ता समान रहेको र पार्टी अनुशासनको दायराभित्र रहेको देशको संविधान राष्ट्रियतालाई सर्वोपरी राख्दै राज्य र राष्ट्रको हीतमा हाम्रो राजनीतिको मूल केन्द्र रहनुपर्ने प्रथम दिनको बैठकले निष्कर्ष निकालेको छ। प्रथम दिनको बैठकमा फ्रण्टल अर्गनाइजेसनका प्रतिनिधिहरूले विभिन्न समूहमा सामूहिक छलफल र चर्चा गरे। आगामी 2024 को आम चुनाउलाई पनि उक्त छलफल चर्चाको विषयमा बनाइको थियो। पार्टी घोषणा गरेको दुइ महिना पुगेकै अवसरमा राखिएको यस बैठकले पार्टीको सशक्तिकरण सिक्किमेली जनताका तमाम समस्याहरूमा चर्चा साथै समाधानका माध्यमहरू पनि खोज्ने भन्ने विषयमा बैठकको उद्देश्य रहेको थियो।

दोस्रो दिनको पहिलो प्रहरमा पदाधिकारीहरूले आ-आफ्नो मन्तव्य राखे। संगठन विकास र पार्टी प्रचारको क्रममा भोगेका तिता-मिठा अनुभवहरू, विभिन्न आवश्यकताहरू आफ्नो सम्बोधनको क्रममा राखे। जो छलफलपछि सबै समस्याहरूको हल निकालेर अघि बढ्ने निष्कर्ष निकालियो। यसै क्रममा पार्टीलाई चाहिने आवश्यक व्यवहार अनुसासन र चेतनाको सूची जारी गरियो। 46 सुत्रीय यो सूचीमा पार्टी अनुशासनबारे विस्तृत जानकारी राखिएको छ। यसलाई केही समयपछि पुस्तिकाको रूपमा पार्टीले सार्वजनिक गर्ने निर्णय लिएको छ। यसरी नै पार्टीले आठवटा महत्वपूर्ण प्रस्ताव पारित गरेको छ। जो वर्तमान सिक्किमको अवस्था, भविष्यमा आउने खतरा अनि पुराना राजनीतिक मुद्दाहरू रहेका छन्। संविधानको धारा 371एफ तरलीकरण, राज्यको बिग्रीएको आर्थिक अवस्था, पूर्व अनि वर्तमान सरकारको गलत आर्थिक नीति, सरकारको गैर जिम्मेवारी, राज्यको बढ्दो वेरोजगारी समस्या, राज्यमा कानुनी राजको आभाव जस्ता तमाम विषयहरूलाई लिएर उपर्युक्त प्रस्तावहरू पारित गरिएको छ। माथि भनिएका विषयहरूमा व्यापक छलफल गरेर यसको समाधान केवल सिटिजन एक्सन पार्टीको सरकारले मात्र गर्न सक्छ भन्ने निर्णायक निष्कर्ष पुगेर सर्वसमतिद्वारा यी प्रस्तावहरू पारित गरिएका छन्। दुइदिने बैठक समापन कार्यक्रममा पार्टीका मुख्य संयोजकले आफ्नो अध्यक्षीय सम्भाषणको क्रममा सबै केन्द्रिय कार्यकारिणी सदस्यहरूलाई बधाई तथा शुभकामना दिएका छन्। बैठकको समाप्तिपछि पार्टी प्रवक्ताहरूले पत्रकार सम्वोधन मार्फत बैठकको इतिवृती राखेका छन्।

हेमराज अधिकारी

प्रवक्ता

सिटिजन एक्सन पार्टी - सिक्किम।